लुम्बिनी प्रदेश सरकार

**मिति २०८२/०६/२९ गतेको १६२ औं सचिव बैठकका निर्णयहरु:**

१. हालैको युवा पुस्ताको आन्दोलनका क्रममा जली नष्ट भएका जिन्सी सामाग्रीहरूको विवरण अद्यावधिक गरी जिन्सी अभिलेख प्रणालीलाई व्यवस्थित गर्ने प्रक्रिया अगाडि बढाउने। नष्ट भएका सवारी साधनको हकमा उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको मेकानिकल इन्जिनियरले सहजीकरण गर्ने गरी प्रदेशको जिल्ला स्थित यातायात व्यवस्था कार्यालयले र उक्त कार्यालय नभएको जिल्लामा घरेलु तथा साना उद्योग कार्यालयले समन्वय गर्ने गरी प्रदेश स्तरीय सबै कार्यालयको एकीकृत रूपमा लिलाम गर्ने कार्य अघि बढाउने। यसरी लिलाम गर्ने समितिमा जिल्ला प्रशासन कार्यालय र प्रदेश लेखा ईकाइको रूपमा कार्य गर्ने निकायको प्रतिनिधि समेत समावेश गर्ने।

२. आर्थिक मितव्ययिता प्रवर्द्धन एवं सार्वजनिक खर्चलाई वाञ्छित सीमा भित्र राख्नका लागि नेपाल सरकार तथा लुम्बनी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय कार्यान्वय गर्ने/गराउने।

३. हाल प्रकृयामा रहेको संगठन तथा व्यवस्थापन सर्भेक्षणको कार्यलाई प्राथमिकता दिदै अघि बढाउने। यसका लागि प्रदेश सरकारले गठन गरेको समितिको निर्देशन एवं समन्वयमा प्रत्येक मन्त्रालयले आ-आफ्नो संगठनको औचित्य, आवश्यकता र कार्यबोझ विश्लेषण गरी एकीकृत गर्ने र गाभ्ने संभावना भएका संगठनको हकमा सोही बमोजिम गाभ्ने तथा कार्यबोझ नभएका पदहरू कार्यबोझ अनुकुलको संख्यामा सीमित गर्ने गरी नयाँ संगठन तथा दरबन्दी प्रस्ताव गर्ने। संगठनको प्रत्येक ईकाइ (Unit) तथा प्रत्येक पदको कार्य विवरण सहितको संगठन तथा दरबन्दी सम्बन्धि प्रस्ताव कार्तिक मसान्त भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. प्रदेश राजधानी परिसरमा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीबाट माग भए बमोजिम चाडपर्व लक्षित सुरक्षा र पेट्रोलिङको लागि सबै मन्त्रालय/निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिएको Schedule बमोजिम सवारी चालक तथा इन्धन सहित सवारी साधन (Pickup) उपलब्ध गराउने।

५. युवा पुस्ताको आन्दोलनका क्रममा भएको क्षतिको पुनः निर्माणका लागि नेपाल सरकारबाट सञ्चालन गरिएको पुनः निर्माण कोषमा प्रदेश सरकारका कर्मचारीहरूबाट मध्ये प्रदेश सचिव वा सो भन्दा माथिका कर्मचारीले १ (एक) दिनको तलब योगदान गर्ने। अन्य कर्मचारीको हकमा स्वेच्छिक रूपमा सहभागी हुन अनुरोध गर्ने।

प्रमुख सचिव